सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश, कैलाली, नेपाल

## सेवा करारमा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति २०८१।१२।१४

प्रस्तुत विषयमा **सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको** आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम र सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम चौथो चरण सञ्चालन मार्गदर्शन २०८१ अनुसार सुरक्षित आप्रवासन(SaMi) कार्यक्रम तर्फ देहायका पदका लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा भौतिक रुपमा दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । **देहाय:**

| क्र सं. | विज्ञापन नं | पद | श्रेणी तह | मागपद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८१/२०८२ | प्रदेश कार्यक्रम संयोजक | अधिकृत सातौ तह | १ | १००० |
| २ | २/२०८१/२०८२ | मनोविद् | अधिकृत सातौ तह सरह | २ | १००० |

**आवश्यक न्युनतम योग्यता:**

१. प्रदेश कार्यक्रम संयोजक पदका लागि

1) नेपाली नागरिक
2) मानविकी वा सामाजिक संकाय, व्यवस्थापन संकाय, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तिमा स्नाकोत्तर तह उतीर्ण भएको र अधिकृतस्तर वा सो भन्दा माथिल्लो तहमा ५ वर्ष कार्य अनुभव भएको।
3) स्थानिय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको,क्षमता विकास तथा प्रशिक्षण क्रियाकलाप सञ्चालन गरेकोलाई प्राथमिकता दिईनेछ।
4) कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms office word, excel, powerpoint, outlook, email, internet, kobo tool सहजरुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने, साथै वोल्न सक्ने र प्रतिवेदन तयार गर्न सक्ने।

२. मनोविद पदका लागि

क) नेपाली नागरिक

ख) मान्यताप्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (क्लिनिकल साईकोलोजी मेजर, काउन्सेलिङ्ग साईकोलोजी,स्कुल साईकोलोजीमा) स्नाकोत्तर उतिर्ण गरी कम्तिमा २ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको, मनोसामाजिक परामर्शदाताहरुलाई सुपरभाइज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण TOT तालिम लिएकोलाई प्राथमिकता दिईनेछ वा पोष्ट ग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ्ग उतीर्ण गरी मनोसामाजिक परामर्शहरुको सुपरभाईजार भएर कम्तीमा तीन वर्ष काम गरेको अनुभव भएको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण TOT तालिम लिएको हुनुपर्नेछ।

ग) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम सञ्चालन गरेकोलाई प्राथमिकता दिईनेछ।

घ) स्थानिय तथा प्रदेश सरकारसँग निकटतम् समन्वय र सहकार्यमा सुरक्षित काम गरेकोलाई प्राथमिकता दिईनेछ।

ङ) कम्प्युटर सम्बन्धी ज्ञानका साथै Ms office word, excel, powerpoint, outlook, email internet and kobo tool सहजरुपा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै भाषा टाईप गर्न सक्ने साथै वोल्न सक्ने र प्रतिवेदन तयार गर्न सक्ने।

३. दरखास्त दिने स्थान: सामाजिक विकास मन्त्रालय धनगढी कैलाली।

४. दरखास्त दिने अन्तिम मिति: प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र अन्तिम मितिका दिन सार्वजनिक विदा परेको त्यस्को भोलिपल्ट सम्म

५. छनौटको किसिम: लिखित र अन्तर्वार्ता

६. सेवा सुविधा: प्रचलित नियम अनुसार

७. उमेर:२१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

८. राजश्व वुझाउने खाताको नाम

राजस्व शीर्षक : १४२२४ (परीक्षा शुल्क)
खाता रहेको बैक : राष्ट्रिय वाणिज्य वैक
कार्यालय कोड : ३५०००७७०१७

**सुचना सम्बन्धी थप जानकारी चाहिएमा ९८६५६२९६१७ मा सम्पर्क गर्नुहोला ।**